# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/८/२६ गते शुक्रवार देखि २०६६/९/२ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९४ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ७५०० कारोबारबाट ३६ करोड ९५ लाख ५३ हजार रुपैयाँ बराबरका ८ लाख १९ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १४.५६ प्रतिशतले वृद्धि भएको हो । गत साता ४९८३ शेयर कारोबारबाट ३२ करोड २५ लाख ७६ हजार रुपैयाँ बराबरका ५ लाख ६१ हजार ९ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र १३ करोड ४४ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ३६.३९ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १४.१९ अंकले ह्रास भई अन्तिम दिन ५३९.२१ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५३४.५१ | ४३८.८२ | ३६९.७५ | ५९८.०३ | ८१५.६६ | २६०.८७ | ५७१.७० | ५६२.६३ | ५९५.४१ | ५५३.४० | १३७.०५ | ५२.९४ |
| दोस्रो | ५३९.०० | ४३८.८२ | ३६६.३४ | ५८७.४६ | ८१३.३१ | २६०.८७ | ५७२.१६ | ५६४.२२ | ६०१.७६ | ५५४.५४ | १३८.०० | ५३.३२ |
| तेस्रो | ५२७.६८ | ४३८.८२ | ३६६.३४ | ५९३.३४ | ८१०.०० | २६०.८७ | ५७१.९१ | ५६१.६९ | ५९८.६४ | ५४८.६१ | १३५.८९ | ५२.५४ |
| चौथो | ५१७.५३ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ७८८.८५ | २६५.७५ | ५७२.३७ | ५६४.१९ | ५९५.९७ | ५४२.१० | १३४.१८ | ५१.६२ |
| पाँचौं | ५१३.४९ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ७९३.१३ | २६५.७५ | ५७२.३७ | ५६२.५१ | ५८६.८९ | ५३९.२१ | १३३.५४ | ५१.३३ |
| परिवर्तन | –२१.०२ | ०.०० | –३.२६ | –१०.५७ | –२२.५३ | ४.८८ | ०.६७ | –०.१२ | –८.५२ | –१४.१९ | –३.५१ | –१.६१ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ३.५१ अंकले ह्रास भई १३३.५४ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (७ करोड ५१ लाख रुपैयाँ) तथा शेयर संख्या (२ लाख ६९ हजार कित्ता) को आधारमा नेपाल वंगलादेश बैंक र कारोबार संख्या (१४७१ वटा) को आधारमा अरुण भ्याली हाइड्रोपावर कम्पनी अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल वंगलादेश बैंक | ७५.१५ |
| २ | नेपाल एसविआई बैंक | ४०.७९ |
| ३ | प्राइम कमर्सिल बैंक | ३६.४७ |
| ४ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २६.१८ |
| ५ | भिवोर विकास वैंक | २१.८४ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | भृकुटी विकास बैंक | हकप्रद | १४०९८९४ कित्ता |